"सुरक्षित भविष्यको लागि सञ्चय कोषको व्यवस्था गरौं ।"

# सञ्चय कोष

ई-न्यूजलेटर : कर्मचारी सञ्चय कोषको त्रैमासिक प्रकाशन । वर्ष ८ । अंक ३० । २०७६ माघ - २०७७ आषाढ (संयुक्ताङ्क)

## अनलाईन विशेष सापटीको सुरुवात



कोषले अनलाईन मार्फत विशेष सापटी प्रदान गर्ने व्यवस्थाको सुरूवात गरेको छ ।

कोभिड-१९ को कारण गत चैत्र ११ गतेदेखि नेपाल सरकारले लागू गरेको लकडाउनसँगै बन्द रहेका कोषका सेवाहरु मध्ये अनलाईन मार्फत विशेष सापटी सेवा जेष्ठ १३ गतेदेखि सुरूवात गरेको हो । सुरूमा दुईजना सञ्चकर्ताको दार्चुला र ललितपुरस्थित सम्बन्धित बैंक खातामा रकम जम्मा गरी विशेष सापटी वापतको रकम अनलाइनमार्फत प्रदान गरिएको हो ।


लकडाउनका कारण यातायात र हिँडडुलमा भएको असहज अवस्थालाई मध्येनजर गर्दै घर तथा कार्यालयमै बसेर अनलाईन मार्फत विशेष सापटी माग गर्न सकिने छ । सञ्चयकर्ताले हाललाई यस प्रणालीबाट न्यूनतम रू. २० हजार देखि अधिकतम रू. १० लाखसम्म प्राप्त गर्न सक्दछन् ।

लकडाउनका कारण उत्पन्न विषम परिस्थितिलाई मध्येनजर गर्दै सरल, सहज एवं प्रभावकारीरूपमा सेवा उपलब्ध गराउने उद्देश्यअनुरूप अनलाईन विशेष सापटी सेवा सुरू गरिएको हो ।

हाललाई यो सेवा विशेष सापटी लिन योग्यता पुगेका, व्यक्तिगत केवाइसी र अफिस केवाइसी अपडेट गरेका सञ्चयकर्ताले प्राप्त गर्न सक्नेछन् । त्यसका लागि सञ्चयकर्ताले कोषको वेबसाइटमा गई प्राप्त निर्देशन अनुसार अनलाईन फाराम भरी सो सँगै विशेष सापटीको आवेदन फाराम भरी स्क्यान कपी अपलोड गरेर पठाउनुपर्ने हुन्छ । कोषले उक्त आवेदन फारामलाई रूजु गरिसकेपछि सम्बन्धित सञ्चयकर्ताको बैंक खातामा सिधै रकम जम्मा हुने व्यवस्था गरिएको छ ।

सञ्चयकर्ताको सहजता र सुरक्षालाई दृष्टिगत गर्दै सञ्चालन गरिएको अनलाईन सापटीबाट २०७७ असार मसान्तसम्म ७२३ जना सञ्चयकर्ताले ९ करोड ७० लाख ७१ हजार ३ सय २० रुपैयाँ भुक्तानी लिइसकेका छन् ।

## मुनाफा रकम वितरण




कोषले मुनाफा रकम वितरण गरेको छ । सञ्चयकर्तालाई आर्थिक वर्ष २०७५/७६ को सुरू सञ्चय कोष मौज्दातको १.१५ प्रतिशत रकम मुनाफाको रूपमा वितरण गरिएको हो । उक्त रकममध्ये ०.७५ प्रतिशत खातामा जम्मा गर्ने र ०.४० प्रतिशत सञ्चयकर्ताको नाममा वेतन कर्णाली सञ्चयकर्ता हाइड्रो पावर कम्पनी लिमिटेडको शेयरमा लगानी गर्ने प्रयोजनका लागि सञ्चयकर्ता शेयर लगानी कोषमा जम्मा गर्ने व्यवस्था गरेको छ ।

## कोभिड-१९ लाई कडा रोगको रुपमा लिइने




विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ लाई कडा रोगको सूचिमा समावेश गरी सञ्चयकर्ताको खर्च वापत लाग्ने रकम १० लाखसम्मको खर्च कोषले बेहोर्ने भएको छ ।

यस अघि सरकारले तोकेका ९ प्रकारका रोगहरूलाई मात्र कडा रोग मानिएकोमा कोभिड- १९ लाई पनि कडा रोगका रूपमा स्वीकार गर्ने निर्णय गरिएको हो । त्यसैगरी कोषले नियमित सञ्चय कोष कट्टा गरिरहेका सञ्चयकर्ताको कोभिड-१९ को सङ्क्रमणबाट मृत्यु भएमा त्यसलाई दुर्घटना मानी क्षतिपूर्तिबापत रू दुई लाख निजको हकवालालाई प्रदान गर्ने निर्णय गरेको छ ।



वरिष्ठ कार्यकारी मञ्चको बैठक सम्पन्न पृ. २


कोषद्वारा नयाँ ब्याजदर निर्धारण पृ. ४


कोरोना राहत कोषमा ५ करोड २१ लाख प्रदान पृ. ५


सुर्खेत र कोहलपुरमा कार्यालय भवन बन्दै पृ. ६



# वरिष्ठ कार्यकारी मञ्चको बैठक सम्पन्न

कोषको कार्यकारी मञ्चको दुईदिने बैठक २०७६ फागुन ३ गते धुलिखेलमा सम्पन्न भयो । कार्यक्रममा आ.व.२०७६/७७ को अर्ध-वार्षिक कार्य प्रगति समीक्षा गरिएको थियो । समीक्षा बैठकमा कोषका ११ वटा बिभागका प्रमुखहरु, ८ वटा शाखा कार्यालयका प्रमुखहरु र एक सेवाकेन्द्रका प्रमूखले आ-आफ्नो वार्षिक कार्यक्रम र बिशेष कार्यक्रमको कार्ययोजना अनुसार २०७६ श्रावण देखि पौष मसान्त सम्मको कार्य प्रगति प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी कार्यक्रमको दोश्रो सत्रमा विभिन्न ५ समूहका कार्यपत्र प्रस्तुत गरिएको थियो ।

कार्यक्रमको शुभारम्भ कोषका प्रशासक, सह-प्रशासकद्वय एवं बिभागीय प्रमुखहरु, दुईवटा यूनियनका अध्यक्ष तथा प्रतिनिधिहरु लगायत उपस्थित सबै वरिष्ठ प्रवन्धक, शाखा प्रमुखहरु, प्रबन्धक र अधिकृत कर्मचारीहरूको आसन ग्रहणबाट भएको थियो । त्यसपछि योजना, अनुगमन तथा जोखिम व्यबस्थापन विभागका विभागीय प्रमुख राजेन्द्र शाक्यबाट कार्यक्रमको संक्षिप्त झलक सहित स्वागत मन्तव्य दिनु भएको थियो भने प्रशासक तुलसीप्रसाद गौतमबाट कार्यक्रमको उद्घाटन गर्दै आफ्नो मन्तव्य राख्नु भएको थियो ।

कार्यक्रमको पहिलो सत्रमा कोषका सह-प्रशासक राजेन्द्र काफ्लेबाट मोडरेटर एवं कार्यक्रम सञ्चालकको भूमिका निर्वाह भएको थियो । समय बिभाजन र प्रविधि-मैत्री विधिको अवलम्बन गरी कोषका बिभिन्न विभागका विभागीय प्रमुख र शाखा प्रमुखहरूले आ-आफ्ना विभाग तथा शाखाहरूको वार्षिक कार्ययोजना बमोजिम २०७६ पौष मसान्त भित्र सम्पन्न गरेका कार्य प्रगतिको विवरण प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी दोश्रो सत्र फागुन ३ गते सम्पन्न भएको थियो । सो सत्रमा प्रशासक तुलसी प्रसाद गौतमको समुपस्थितिमा सह-प्रशासक जितेन्द्र धितालबाट मोडरेटर एवं सत्र सञ्चालकको भूमिका निर्वाह भएको थियो । समय बिभाजन गर्दै मञ्चका पाँचै समूहका संयोजक तथा संयोजकले तोकेको सदस्यहरूले आ-आफ्नो कार्यक्षेत्रसँग सम्बन्धित समसामयिक बिषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

कार्यक्रममा प्रस्तुत कार्यपत्रहरूको विवरण यस प्रकार छ :

**क) संगठन, व्यवस्थापन समूह**

शीर्षक : कोषको मानतसंसाधनको वर्तमान अवस्था तथा सुधारको संभावना । प्रस्तोता : ओमकृष्ण श्रेष्ठ

**ख) सेवा प्रवाह व्यवस्थापन समूह**

शीर्षक : सञ्चयकर्ता मैत्री सेवा प्रवाह : वर्तमान अवस्था तथा सुधार योजना । प्रस्तोता : राजेन्द्र लामिछाने

**ग) वित्तीय व्यवस्थापन समूह**

शीर्षक : १) कोषको वर्तमान लगानी संरचना र भविष्यको लगानी

प्रस्तोता : ठाकुर जंग थापा

शीर्षक : २) सञ्चयकर्ता सापटीले कोषको आम्दानीमा पार्न सक्ने प्रभाव । प्रस्तोताः वीरेन्द्र पौडेल र महेन्द्रराज शाक्य

**घ) सामाजिक सुरक्षा कार्यक्रम अनुसन्धान तथा विकास समूह**

शीर्षक : सामाजिक सुरक्षामा कर्मचारी सञ्चय कोषको अबको भूमिका । प्रस्तोता : शान्ता गौतम

**ङ) सूचना तथा सञ्चार प्रविधि समूह** । शीर्षक : IT of KSK: History, Present Scenario and Future Scope प्रस्तोताः कुमारी कञ्चन साह र कृष्ण सुवेदी

बाँकी पृष्ठ ३ मा

## कर्मचारी स्वयं परिवर्तन हुन आवश्यकः प्रशासक



कोषका प्रशासक तुलसी प्रसाद गौतमले धुलिखेलमा भएको कार्यक्रममा संस्था सुधारनका लागि कर्मचारीले सर्वप्रथम आफुमा सुधार ल्याउनु पर्ने बताउनु भयो । कोषको प्रगति कार्यरत कर्मचारीको उत्प्रेरणा र उच्च मनोवलमा भर पर्ने भएकोले सधै उत्प्रेरित भएर काम गर्नु पर्ने बताउनु भयो । कर्मचारीले आफूलाई समयसापेक्षरूपमा परिवर्तन गर्दै सूचना प्रविधिमा पनि अब्बल हुदै जानु पर्ने प्रशासक गौतमको सुझाव थियो ।



*(पृष्ठ २ को बाँकी)*

अन्तिममा पाँचै समूहको तर्फबाट कार्यपत्र प्रस्तुत भैसकेपछि सहजकर्ताको भुमिकामा रहनु भएका का.मु.सह प्रशासक घितालबाट सबै समूहका सदस्यहरूलाई धन्यवाद दिदै आफ्ना प्रतिक्रिया, राय र सुझाव गर्नु भएको थियो । कोषको भिजन र मिसनलाई प्राप्त गर्नका लागि बिभिन्न बिभाग तथा शाखा कार्यालयहरु एवं सेवा केन्द्रले निर्धारण गरेका वार्षिक तथा विशेष कार्यक्रमहरु कार्ययोजना बमोजिम सञ्चालन भएको छ छैन भनी समग्र अध्ययन र विश्लेषण गरी आगामी दिनहरूका लागि कार्यदिशा तय गर्नु र प्रतिवेदनमा सुझाईएका बिषयहरूको उच्च व्यवस्थापनको तह बाट उचित सम्बोधन हुनु नै सो समीक्षा बैठकको प्रमुख उद्देश्य रहेको थियो । कोषको बिभिन्न विभाग तथा शाखा कार्यालयहरूको वार्षिक लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वयनलाई प्रभावकारी तथा नतिजामूखी बनाउनु पनि यस कार्यक्रमको प्रमुख उद्देश्य एवम् आवश्यकता रहेको थियो ।



फोटो फिचर

## प्रशासक समक्ष प्रतिवेदन पेश

विभागीय प्रमुखहरु र शाखा प्रमुखहरूले प्रस्तुत गर्नु भएको अर्ध-वार्षिक कार्य प्रगतिको मूल्यांकन तथा मूल्यांकनका लागि लिएका सीमा एवं आधारहरु, प्रशासक र सह- प्रशासकद्वय तथा ट्रेड युनियनका अध्यक्ष लगायत प्रतिनिधिहरूबाट व्यक्त भएका बिचार, प्रतिक्रिया, निष्कर्ष एवं सुझावहरूलाई लिपिबद्ध गरी योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभागले प्रतिवेदन तयार पारी प्रशासक समक्ष पेश गरेको छ । कोषको कार्यगत तहका अंगहरूले तोकिएको वार्षिक लक्ष्यहरु मध्ये समीक्षा अवधि सम्म के कति हासिल भयो, अब के कति हासिल गर्न बाँकी छ, कार्ययोजना अनुरूप क्रियाकलाप सञ्चालन ठीक छ छैन, क्रियाकलाप सञ्चालनमा के कस्ता समस्याहरु रहेका छन् र त्यसको निराकरणका उपायहरु के के हुन, तोकिएको वार्षिक लक्ष्य हासिल गर्न के/कस्ता र कति श्रोत साधनहरूको आवश्यकता रहेको छ, व्यवस्थापनको ध्यान कुन बिषयमा केन्द्रित गर्नुपर्ने हो लगायतका बिषयको प्रतिवेदनले उजागर गरेको छ ।

अन्तिम पृष्ठमा

# निवृत्तभरण व्यवस्थापनमा सञ्चय कोष

२०७६ साउन १ गते पछि नियुक्त भएका सघीय निजामती सेवाका कर्मचारी, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी नेपाल र बिशेष सेवाका कर्मचारीको योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन गर्ने उद्देश्यअनुरूप नेपाल सरकारले कर्मचारी सञ्चय कोषलाई निवृत्तभरण व्यवस्थापनको जिम्मा दिएकोले सो मिति पश्चात नियुक्त हुने ती सेवाका सबै कर्मचारीको रकम जम्मा हुन थालेको छ ।

कर्मचारीको ६ प्रतिशत योगदान रकममा सोही अनुपात बराबरको रकम नेपाल सरकारले थप गरी योगदानकर्ताको व्यक्तिगत खातामा जम्मा गरिने यो योजना आधुनिक निवृत्तभरण प्रणालीमा आधारित छ । यस प्रणालीलाई Fully Automation गरी भौचर तथा फाँटवारीको Hard Copy नलिई System मा Upload गरिएको विवरणलाई System Confirmation गरी व्यक्तिगत खातामा प्रविष्ट गर्ने गरिएको छ । निवृत्तभरण प्रणालीलाई थप सहज बनाउन निवृत्तभरण निर्देशिका, २०७६ बनाई लागु समेत गरिएको छ ।

कोषमा उपलब्ध विवरण अनुसार योगदानमा आधारित निवृत्तभरणको व्यवस्थापन अन्तर्गत चैत्र मसान्तसम्म कर्मचारी सञ्चय कोषमा ४३५ योगदान गर्ने कार्यालयबाट ९४३७ योगदानकर्ताको




करीब रू. १८.८२ करोड बराबरको रकम जम्मा गरिसकिएको छ ।

# कोषको अध्यक्षमा राजस्व सचिव पुडासैनी





नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६ चैत्र ९ को निर्णयानुसार कोष सञ्चालक समितिको अध्यक्षमा अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनी नियुक्त हुनुभएको छ । उहाँले चैत्र १२ गते अर्थमन्त्री डा. युवराज खतिवडाबाट पद तथा गोपनीयताको सपथ लिनुभयो ।

लामो समय अर्थमन्त्रालयमा बजेट महाशाखा प्रमुखको रूपमा रहनुभएका पुडासैनीले एसियाली विकास बैंकको वैकल्पिक कार्यकारी निर्देशकको अनुभव समेत संगाल्नु भएको छ । उहाँ यस अघि २०६८ साउन २६ देखि २०७२ फागुन १२ सम्म कोषको सञ्चालक समितिको सदस्यका रूपमा रहिसक्नु भएको थियो । कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) को खण्ड (क) मा नेपाल सरकारबाट नियुक्त व्यक्ति अध्यक्ष हुने प्रावधान रहेको छ ।

## सञ्चालकमा महासेनानी अधिकारी



नेपाल सरकार (माननीय अर्थ–मन्त्रीस्तर)को २०७७ असार २९ को निर्णयानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ४(२) को खण्ड (ख) बमोजिम महासेनानी दीपक कुमार अधिकारीलाई नेपाली सेनाको तर्फबाट प्रतिनिधित्व हुने गरी कोषको सञ्चालक समितिको सदस्य पदमा मनोनयन गरिएको छ ।

## ब्याजमा १० प्रतिशत छुट

कोषले सञ्चयकर्तालाई चैतदेखि असार मसान्तसम्मको ब्याजमा १० प्रतिशत छुट दिने निर्णय गरेको छ ।

कोषले सञ्चयकर्तालाई प्रदान गरिएको घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल कर्जाको ब्याज तिर्ने समय बढाउनुका साथै ब्याजमा तोकिएको छुट दिने घोषणा गरेको छ । कोभिड-१९ को सङ्क्रमणको कारण परेको प्रभावलाई सम्बोधन गर्न कोषले चैतदेखि सञ्चयकर्तालाई असार मसान्तसम्मको ब्याजमा सो छुट दिने निर्णय गरेको छ । उक्त सापटीको असार मसान्तसम्मको ब्याज बुझाउने अवधि साउन मसान्तसम्म कायम गरिएको छ ।

# कोषको ब्याजदरमा परिवर्तन

कोषले आर्थिक वर्ष २०७७/७८ को लागि नयाँ ब्याजदर निर्धारण गरेको छ । कोष संचालक समितिको मिति २०७७ आषाढ ३१ को निर्णय अनुसार सञ्चयकर्तालाई प्रदान गर्ने र लिने ब्याजदर परिवर्तन भएको हो ।

अब सञ्चयकर्तालाई सञ्चय कोष र निवृत्तभरण कोषमा प्रदान गर्ने ब्याज दर साविकको ८.२५ प्रतिशतबाट घटाई ७ प्रतिशत कायम गरिएको छ भने सञ्चयकर्ता सापटीहरूमा साविकको दरमा १.२५ विन्दुले घटाईएको छ ।

जसअनुसार, विशेष सापटीमा ८.२५ प्रतिशत कायम गरिएको छ भने रू. ४० लाख वा सो भन्दा कम प्रवाह भएको घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटीमा ८.५० प्रतिशत ब्याज लिइनेछ । साथै ४० लाख रूपैयाभन्दा बढीको घर सापटीमा ८.७५ प्रतिशत कायम भएको छ भने सरल चक्रकर्जामा ९.०० प्रतिशत ब्याज तय गरिएको छ ।

निबृत्तभरण कोषमा चालु आ.व. २०७६/७७ का लागि सञ्चय कोष रकममा प्रदान गरे सरह वार्षिक ८.२५ प्रतिशतका दरले ब्याज गणना गरिने छ ।



# अर्थमन्त्रीसमक्ष वार्षिक प्रतिवेदन पेश



कोषले २०७५/७६ को वार्षिक प्रतिवेदन अर्थमन्त्री युवराज खतिवडा समक्ष पेश गरेको छ । कर्मचारी कोष ऐन, २०१९ ले गरेको व्यवस्था अनुसार कोषबाट वर्षभरीमा सम्पादन भएका कामकाजको प्रतिवेदन अर्थमन्त्री खतिवडा समक्ष पेश गरिएको हो ।

कोषले आर्थिक वर्ष २०७५/७६ को २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्म सम्पादन गरेको कार्यहरु, वि.स. १९९१ देखि २०७६ सालसम्मको कोषको विकास क्रमको झलक, कोषको आन्तरिक तथा वाह्य पक्षको विश्लेषण, कोषको २०७५/७६ को मुख्य कारोबार समावेश प्रतिवेदन कोष सञ्चालक समितिका अध्यक्ष एवम् अर्थ मन्त्रालयका सचिव (राजस्व) रामशरण पुडासैनीले अर्थमन्त्री खतिवडा समक्ष पेश गर्नु भएको थियो ।

# कोरोना राहत कोषमा कोषद्वारा ५ करोड सहयोग



कोषले "कोरोना भाइरस संक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष"मा पाँच करोड रुपैया आर्थिक सहयोग प्रदान गरेको छ ।

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस रोकथाम तथा संक्रमणलाई नियन्त्रण गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयद्वारा स्थापना गरिएको "कोरोना भाइरस रोकथाम, नियन्त्रण तथा उपचार कोष"मा पाँच करोड रुपैया आर्थिक सहयोग गरेको हो ।


## कर्मचारीद्वारा २१ लाख

विश्वव्यापीरूपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को सक्रमणको रोकथाम नियन्त्रण तथा उपचारका लागि नेपाल सरकारले खडा गरेको "कोरोना भाइरस सक्रमण रोकथाम नियन्त्रण तथा उपचार कोष" मा सहयोग स्वरुप कोषमा कार्यरत कर्मचारीहरूको तर्फबाट तह १० र सो भन्दा माथिका १२ जना कर्मचारीहरूको ७ दिन, तह ६ देखि ९ सम्म २२९ जना कर्मचारीहरूको ५ दिन तथा सहायक स्तरका १८७ जना कर्मचारीहरूको ३ दिनको तलब बराबरको हुन आउने कुल रकम २१ लाख ६ हजार ७ सय ८२ रूपैयाँ जम्मा गरिएको छ ।

# सामाजिक उत्तरदायित्व वहन

कोषले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न संस्थाहरूलाई पछिल्लो ६ महिनामा रू. ८ लाख १० हजार प्रदान गरेको छ । यसरी लाभान्वित हुने संस्थाहरूमा ई-नोवल नेपाल, मदन भण्डारी स्मृति वाटिका संरक्षण समिति र थापागाँउ विकास समिति रहेका छन् ।

ई-नोवल नेपालका लागि थ्रि डि प्रोसथेटिक हयाण्ड्स खरिदका लागि १ लाख १० हजार रूपैयाँ प्रदान गरिएको छ । त्यसैगरी मदन भण्डारी स्मृति वाटिका संरक्षण समितिका लागि वाटिकाको संरक्षणको निमित्त अक्षय कोषको दीगो विकासमा सहयोगका लागि रू. पाँच लाख, थापागाँउ विकास समितिका लागि काठमाण्डौं वानेश्वर-१० थापागाँउ पलाञ्चोक भगवतीको मन्दिर जीर्णोद्वारको निमित्त २ लाख रूपैयाँ प्रदान गरिएको छ ।






# उपप्रबन्धक (सि.ए.) नियुक्त

कोषको उपप्रबन्धक (चाटर्ड एकाउण्टेण्ट) पदको लागि खुला एवं समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति गर्ने सम्बन्धमा लिईएको लिखित परीक्षा तथा अन्तर्वार्ताका आधारमा नियुक्तिको लागि सिफारिस गरिएको छ ।

सिफारिस हुने उम्मेदवारहरूमा खुलातर्फ सरोज अधिकारी र सन्तोषी खनाल हुनुहुन्छ भने महिला तर्फ अर्पणा बस्नेत नियुक्त हुनुभएको छ ।

# सामाजिक सुरक्षाबाट सञ्चयकर्ता लाभान्वित


कोषले प्रदान गरेका विभिन्न सामाजिक सुरक्षाका कार्यक्रमबाट धेरै सञ्चयकर्ता लाभान्वित भएका छन् । कोषले सञ्चयकर्ता स्वास्थ्योपचार, दुर्घटना क्षतिपुर्ति, सुत्केरी तथा शिशु हेरचाह, काजकिरिया खर्च जस्ता कार्यक्रम सञ्चालन गरिरहेको छ ।

२०७० मा सञ्चयकर्ता औषधोपचार कार्यक्रम सुरु भएकोमा त्यसलाई थप सुधार गर्दै सम्पूर्ण सञ्चयकर्ताको वीमा गरी राष्ट्रिय वीमा कम्पनीमार्फत साधारण उपचारमा रू. १ लाखसम्म र कडा रोगको उपचारमा १० लाख सम्मको खर्च उपलब्ध गराईएको थियो । २०७६ मंसिर १ गतेदेखि सोही बराबरको सोधभर्ना दिने व्यवस्था गरिएकोमा सो कार्यक्रमबाट २०७६ चैत्र मसान्तसम्ममा ३०१ सञ्चयकर्ता लाभान्वित भैसकेका छन् । त्यसै गरी काजकिरिया खर्चबाट ५०७ सञ्चयकर्ताको परिवारलाई रू. १९९.९५ लाख र दुर्घटना क्षतिपुर्तिबाट ६४ सञ्चयकर्ताको परिवारलाई रू. १२३.५० लाख प्रदान गरिएको छ । साथै सुत्केरी तथा शिशु हेरचाह कार्यक्रमबाट १३९४५ सञ्चयकर्ताले रू १० करोड ४५ लाख ८८ हजार प्रदान गरिएको छ ।



एक कार्यक्रमबीच विभागका प्रमुख जीवनकुमार कट्वालले निवृत्तभरण तथा सामाजिक सुरक्षा विभागले गुणस्तरीय सेवाप्रवाहको निमित्त निरन्तर सुधारको मार्गमा नतिजामुखी प्रयास गरिरहेको बताउनु भयो । उहाँको थप कथन थियो, "सञ्चयकर्ता स्वास्थ्योपचार योजनालाई थप वस्तुपरक, मितव्ययी, पारदर्शी तथा सञ्चयकर्ता मैत्री बनाउने प्रयास स्वरूप सम्बद्ध पक्ष, संलग्न चिकित्सक र सञ्चयकर्ताको सुझाव समेतलाई ध्यानमा राखी यसमा सम-सामयिक सुधार समेत गरिएको छ ।"

सञ्चयकर्ताका लागि स्तरीय र पर्याप्त सामाजिक सुरक्षा प्रदान गर्ने कोषको मूल मर्ममा थप आधारशिला तय गर्न एउटा छुट्टै संरचनाको आवश्यकतालाई मध्यनजर गर्दै कोषको सबैभन्दा कान्छो विभागको रूपमा निवृत्तभरण तथा सामाजिक सुरक्षा विभागको गठन गरिएको हो ।




# विराटनगर आवास गृह निर्माण अन्तिम चरणमा

बिराटनगरको कार्यालय भवन परिसर भित्र निर्माण भइरहेको आवास गृह लगायतको संरचना आश्विन सम्ममा पूरा हुने भएको छ । निर्माण गर्ने जिम्मा पाएको UV engineering consultancy Pvt. Ltd. and Bipin construction Kiln Janshakti & suppliers Pvt. Ltd. J.V.ले २०७७ जेठ २० गते भित्र निर्माण सम्पन्न गर्ने गरी निर्माण कार्य भैरहेकोमा कोभिड-१९ को कारण लकडाउनले गर्दा २०७७ आश्विन मसान्तसम्मको समय माग भएको छ । थप गरिने समयभित्र निर्माण कार्य सम्पन्न गर्ने प्रतिबद्धता कन्सल्टेन्सीले जनाएको छ ।

कार्यालयको सुरक्षालाई मध्यनजर गर्दै कार्यालय भवन परिसर भित्र कार्यालय प्रमुखको आवास गृहका अतिरिक्त अतिथी गृह र कम्पाउण्ड वाल थप गर्ने कार्यक्रम अनुसार निर्माण व्यवसायी UVEEC&BCKJSJV र कोषबीच मिति २०७६ जेष्ठ २ गते खरिद सम्झौता भएको थियो ।



भवन तथा आवास व्यवस्थापन विभागका अनुसार २०७६ जेष्ठ २१ गते देखि प्रारम्भ भएको निर्माण कार्य १२ महिनाभित्र सक्ने लक्ष्य रहेकोमा कोभिड १९ कारण सिर्जित विशेष परिस्थितले केही समय काम रोकिन गएको थियो । आ.व. २०७५/०७६ मा बिराटनगर शाखाको कार्यालय भवन निर्माण सम्पन्न भई सोही भवनबाट सेवा सुचारू भइसकेको छ ।

## शाखा कार्यालय सुर्खेत र कोहलपुरको लागि

# कार्यालय भवन निर्माण कार्य सुरु



कर्णाली प्रदेशको राजधानी सुर्खेतमा कोषको आफ्नै कार्यालय भवन निर्माण हुने भएको छ । वीरेन्द्रनगर-८ स्थित कोषको स्वामित्वको जग्गामा कार्यालय भवन निर्माण हुने भएको हो । भवन निर्माणको लागि कोष र सनलाइट/वाइ.एस.एस. जे.भी.बीच खरिद संभौता भएको छ । भवन निर्माणको अनुमानित लागत ६ करोड ७२ लाख ३४ हजार रहेको छ ।

यसैगरी, बाँकेको कोहलपुरमा कार्यालय भवन निर्माण प्रक्रिया सुरु गर्ने गरी थोदुंग/एचटिसी/बासना जे.भी.लाई कार्यादेश दिइएको छ । ६ कट्ठा क्षेत्रफलको जग्गामा बन्ने संरचनाहरुको अनुमानित निर्माण लागत ७ करोड ९८ लाख ८१ हजार रहेको छ ।

यही श्रावण १ देखि कार्य आरम्भ गरिने दुबै स्थानको जग्गामा कार्यालय भवनका साथै आवास तथा अतिथी गृह, गार्ड हाउस, विद्युतीय कोठा, क्यान्टिन, पार्किङ्ग सेड लगायतका संरचनाहरु निर्माण हुनेछन् ।

## जनकपुर र धनगढीमा जग्गा खरिद गरिंदै

कोषको आफ्नै भवन नभएका स्थानहरु जनकपुर, बुटवल र धनगढीमा कार्यालय भवन निर्माण गर्न जग्गा खरिद गर्ने प्रकृया अगाडी बढेको छ ।

२०७७ साल असार २९ गते बसेको मन्त्रिपरिषदको बैठकले कृषि विकास बैकको जग्गा कोषलाई बिक्री गर्न स्वीकृती दिएसँगै जनकपुरको ०-८-६-१ कठ्ठा क्षेत्रफल एवं धनगढीको ०-१०-०-० क्षेत्रफलको जग्गाको खरिद प्रकृया अगाडी बढेको हो ।

विभागीय प्रमुख भरतराज वस्तीका अनुसार बुटवलको लागि समेत जग्गा खरिदका लागि सोहि बैंकसँग अनुरोध गरिएको छ ।

## पोखरा कर्मचारी आवास क्षेत्रका भवनहरु बिक्री

पोखरा, पार्दीस्थित सञ्चय कोष आवास आयोजना क्षेत्रमा रहेका तीन वटा भवनहरु बिक्रि गरिएको छ । कोषको जग्गा तथा भवन खरिद बिक्री कार्यविधि, २०७५ अनुरुप सञ्चयकर्ताहरुबीच सिलबन्दी बोलपत्रको माध्यमबाट भवन बिक्री गरी स्वामित्व हस्तान्तरण गरिएको हो । जसबाट कोषलाई २ करोड ८२ लाख ५८ हजार ४ सय ७० रूपैया आम्दानी भएको छ ।

कोषले वि.सं. २०५७ मा उक्त आवास क्षेत्रमा ११२ वटा घरहरु निर्माण गरी किस्तावन्दीमा सञ्चयकर्ताहरुलाई उपलब्ध गराएको थियो ।

## सुन्धारा भवन हस्तान्तरण

कर्मचारी सञ्चय कोषको सुन्धारास्थित "ब्लक ए" भवन नयाँ भाडावाला दिवा सपना जे.भी. लाई ५ वर्षको लागि हस्तान्तरण गरिएको छ । कोषसँग भएको भाडा सम्झौता अनुसार २०७६ फागुन १ देखि जे.भी.ले भवन व्यवस्थापनको जिम्मा लिएको हो । यससँगै उक्त भवनमा रहेको कोषको 'भवन व्यवस्थापन इकाई'को कार्यालय आफ्नो कार्यादेश पुरा गरी माघ ८ मा फिर्ता भएको छ । २०७५ पौष ११ मा साविकका भाडावालासँगको करार सम्झौता भंग भएपछि भवनको अन्तरिम व्यवस्थापन उक्त इकाई मार्फत हुँदैआएको थियो । यस अवधिमा उक्त भवनबाट ११ करोड २१ लाख रूपैयाँ आम्दानी भएको सहायक प्रबन्धक राजेन्द्र विक्रम केसीले बताउनुभयो ।

## हेटौडा र पोखरा कार्यालय भवनको नक्सा तयार हुँदै



हेटौडा र पोखराको जग्गामा कार्यालय भवन निर्माणको लागि खरिद सम्झौता भएको छ ।

ड्रइङ डिजाइनिङ लागत अनुमान तथा निर्माण कार्यको सुपरिवेक्षण गर्नको लागि परामर्शदाता छनौट गरी Silt consultant Pvt..Ltd., Moonlight solution Pvt.Ltd. & Eversafe engineering consultancy Pvt. Ltd. J.V. सँग २०७६ आषाढ २ मा खरिद सम्झौता भएको हो । वरिष्ठ प्रबन्धक शान्ता गौतमका अनुसार विभागको वार्षिक कार्यतालिकामा २०७६ चैत्र भित्रै सम्झौता गर्ने कार्यक्रम रहेकोमा लकडाउनका कारण केही ढिलाइ हुन गएको थियो ।

• शाखा कार्यालय बुटवल

# सुविधाहरूको समयानुकूल विस्तारमा जोड



शाखा कार्यालय बुटवलले मिति २०७६ फाल्गुन २० गते अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्कमा सञ्चयकर्ताहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको समन्वयमा आयोजना गरिएको सो कार्यक्रममा शाखा कार्यालय बुटवलका कार्यालय प्रमुख रमेश चन्द्र बेल्बासेले कोषको परिचय, गतिविधी, कोषबाट सञ्चयकर्ताहरूलाई प्रदान भईरहेका सेवा सुविधा र सो को प्रक्रिया, विद्युतीय फाँटवारी ईम्पोर्ट तथा योगदानमा आधारित निवृत्तभरणको प्रक्रिया लगायतका विषयमा उपस्थित सञ्चयकर्ताहरूलाई जानकारी प्रदान गर्नुभएको थियो । सो कार्यक्रममा बोल्दै कार्यक्रमका प्रमुख अतिथी प्रमुख जिल्ला अधिकारी बिजयराज पौडेलले कोषले सञ्चयकर्ताको हितमा सञ्चालन गरेका बिभिन्न कार्यक्रमहरु राम्रो रहेका र यस्ता खालका कार्यक्रमहरु समय समयमा सञ्चालन गर्नुपर्ने र अर्घाखाँची जिल्लामा समेत कोषको घर सापटी लगायतका सुविधाहरु तत्काल लागु गर्नुपर्ने धारणा ब्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा कोष तथा लेखा नियन्त्रक कार्यालय, अर्घाखाँचीका प्रमुख कोष नियन्त्रक राम बहादुर के.सी.ले कोषको सेवा सुविधाहरु समयानुकुल परिमार्जन तथा विस्तार गर्दै लैजान सुझाव दिनु भएको थियो । शाखा कार्यालयले विन्धवासिनी गण, सशस्त्र प्रहरी प्रदेश मुख्यालय, चन्द्रौटा, कपिलवस्तु, सशस्त्र प्रहरी गण प्राविधिक शिक्षालय, बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम) र नं. २ सैन्य तालिम केन्द्र, सैनामैना, रूपन्देहीमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी कोषले प्रदान गर्ने सेवा सुविधाको बारेमा जानकारी प्रदान तथा सञ्चयकर्ताहरूको Onsite KYC update गर्ने कार्य पनि सम्पन्न गरिएको थियो ।

शाखा कार्यालयले धेरै सञ्चयकर्ता हुने कार्यालय मै उपस्थित भई Onsite KYC update गर्ने क्रममा प्युठान जिल्लास्थित नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीहरूको KYC update गर्ने कार्य समेत सम्पन्न गरेको छ ।

• शाखा कार्यालय सुर्खेत

# सहज सेवा प्रवाहमा जोड



शाखा कार्यालय सुर्खेतले कर्मचारीहरूको कार्यस्थलमा गई KYC अद्यावधिक गर्ने कार्य सम्पन्न गरेको छ ।

कर्णाली प्रदेश सशस्त्र प्रहरी कार्यालय सुर्खेतमा तालिमरत २०० जना कर्मचारीहरूको Onsite KYC विवरण अद्यावधिक गरेको छ । सशस्त्र प्रहरी गण रक्तकाली सर्खेतका १५० प्रहरी कर्मचारीको KYC update गरिएको छ । त्यसैगरी नेपाली सेना उत्तर पश्चिम पृतना सुर्खेतका १०० सैनिकको केवाइसी अद्यावधिक तथा कोषले प्रदान गर्ने सेवासुविधाको बारेमा जानकारी प्रदान गरिएको छ ।

नेपाली सेना इन्द्रदल गुल्म दैलेखका तालिमरत २०० सैनिकको KYC Update गरिएको छ । इन्द्रदल गुल्म दैलेखमा कार्यरत करिब ३५० जना सैनिक अधिकृत तथा पदिकहरूलाई योगदानमूलक निवृत्तभरण योजना, सञ्चयकर्ता औषधोपचार कार्यक्रम लगायत कोषबाट सञ्चयकर्ताका लागि प्रवाह गरिने सेवा सुविधाका सम्बन्धमा जानकारी गराउने उद्देश्यले एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा शाखा कार्यालयका प्रमुख अर्जुन निरौलाले कोषको सेवा सुविधा एवं सहज सेवा प्रवाहमा कोषले भित्र्याएका नवप्रर्वतनका उपायहरूका बारेमा प्रस्तुतीकरण गर्नु भएको थियो ।

साथै यस शाखाले सुर्खेत जिल्ला अर्न्तगतका नेपाल प्रहरीका करिब ३० जना लेखापालहरूलाई वेवबाट फाँटबारी पठाउने सम्बन्धमा तालिम प्रदान गरेको छ ।

# विविध कार्यक्रम सम्पन्न

## शाखा कार्यालय पोखरा

- मिति २०७६ माघ १३ गतेका दिन नेपाल बैक लि. को गण्डकी प्रदेशका २२ बटा शाखाका कर्मचारीहरूसंग योगदानमा आधारित निवृत्तभरणको रकम र सञ्चय कोष वापतको रकम कोषको खाता यकिन गरी जम्मा गर्ने, बैक दाखिला मिति र दस्तखत, लगायतका विविध विषयमा छलफल  तथा अन्तरक्रिया सम्पन्न भयो ।



- पश्चिम पृतना हेडक्वाटरको समन्वयमा नेपाली सेनाका उच्च अधिकृतहरूसंग योगदानमा आधारित निवृत्तभरण रकम जम्मा गर्ने प्रक्रिया, वेभ पोष्ट, कोषले दिने वित्तीय सुरक्षा, सामाजिक सुरक्षा, सञ्चयकर्ता स्वास्थ्य उपचार सुविधा, एवं अन्य सेवा सुविधा, KYC Update, फँाटवारी, IPS मार्फत कोषको खातामा रकम जम्मा गर्ने सम्बन्धमा मिति २०७६ माघ २८ गते छलफल  तथा अन्तरक्रिया सम्पन्न गरियो ।

- मिति २०७६ फागुन २२ गते कोषले सञ्चालन गरेको  गण्डकी प्रदेशका ११ जिल्लाका लेखा प्रमुखहरु एवं लेखाका कर्मचारीहरूसंग योगदानमा आधारित निवृत्तभरण, जम्मा गर्ने प्रक्रिया, वेब पोष्ट, कोषले दिने वित्तीय सुरक्षा, सामाजिक सुरक्षा, स्वास्थ्य उपचार एवं अन्य सेवा सुविधा, फँाटवारी, IPS मार्फत कोषको खातामा रकम जम्मा गर्ने सम्बन्धमा छलफल,अन्तरक्रिया एवं प्रयोगात्मक प्रदर्शन सम्पन्न भयो ।

- २०७६ फागुन २२ र २३ गते नं. २३ बाहिनी बाग्लुङ्गमा KYC Update कार्य गरिएको थियो ।

# शाखा कार्यालय धनगढी



## अन्तरक्रिया कार्यक्रम सम्पन्न

मिति २०७६ फाल्गुन ५ गते शाखा कार्यालमा एक अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । सो अवसरमा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका यस प्रदेशमा रहेका सबै कार्यालयका लेखा प्रमुख तथा प्रतिनिधीहरूको सहभागिता रहेको थियो । कोषबाट प्रदान गरिने सेवा सुविधा, योगदानमा आधारित निवृत्तभरण योजना तथा कोषसँगको कारोबारमा प्रविधिको प्रयोग सम्बन्धमा कोषको तर्फबाट आवश्यक जानकारी प्रदान गरिएको थियो । परिचयात्मक कार्यक्रमबाट शुभारम्भ भएको कार्यक्रममा उपस्थित प्रतिनिधीहरूले कोषले प्रदान गर्ने सेवा सुविधा सम्बन्धमा प्रश्नोत्तर, जिज्ञासा एवम् गुनासो समेत राखेका थिए ।

यस शाखाले सुदुर पश्चिम प्रदेश अन्तर्गतका बिभिन्न जिल्लाहरूमा रहेका सञ्चयकर्ताहरूको कार्यालयमै गई KYC Update तथा स्थलगत अन्तरक्रिया गर्ने कार्य सम्पन्न गरेको छ । विभिन्न समयमा शाखाबाट कर्मचारी गएर प्रत्यक्ष रूपमा नयाँ तथा पुराना सञ्चयकर्ताको KYC Update गर्दै कोषले प्रवाह गर्ने सेवा सुविधा र सोको प्रक्रियाको सम्बन्धमा आवश्यक जानकारी प्रदान गरियो । कार्यक्रमबाट बिशेषगरी भौगोलिक हिसाबले कोष कार्यालयबाट टाढा रहेका सञ्चयकर्ता लाभान्वित भएका थिए ।



सुदूर पश्चिम प्रदेशमा रहेका प्रादेशिक कार्यालयहरूलाई आफू मातहतका कार्यालयलाई  Office KYC भर्न पत्राचार गरिदिनको लागि अनुरोध गरिएकोमा नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका धेरैजसो कार्यालयहरूले Office KYC भर्ने कार्य सम्पन्न भएको छ । Online सापटीलाई प्रचार गर्ने कार्य यस शाखाले भरपूर प्रयास गरेको र नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बल नेपालका सञ्चयकर्ताहरूलाई Online मार्फत मात्र सापटी प्रदान गर्ने कार्यलाई पूर्णरूपमा लागू गरिएको छ ।

शाखा कार्यालय जनकपुर

# सञ्चयकर्ता अन्तरक्रिया तथा अभिमुखीकरण कार्यक्रम



शाखा कार्यालय जनकपुरले नं. २ प्रदेश प्रहरी तालिम केन्द्र, सप्तरी र पुरेन्वा दरवारस्थित नेपाली सेनाको ईन्द्र बक्स गण रौतहटमा निवृत्तभरण, औधषधोपचार तथा कोषबाट प्रवाह हुने सेवा सम्बन्धमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो ।

पौष ७ गते २ नं. प्रदेश प्रहरी तालिम केन्द्र सप्तरी र माघ २० गते ईन्द्र बक्स गण रौतहटमा भएको अभिमुखीकरण कार्यक्रममा योगदानमा आधारित निवृत्तभरण व्यवस्थापन, यसको सञ्चालन तथा लेखांकन, सेना र प्रहरीको हकमा यसमा देखिएका दुविधा र लेखांकन बिषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

२ नं. प्रदेश प्रहरी तालिम केन्द्र, सप्तरी र ईन्द्र बक्स गण रौतहटमा क्रमशः १४२ र १२५ जना सञ्चयकर्ताको सहभागिता थियो । एक दिने उक्त कार्यक्रममा मंसिर १ देखि सञ्चालन भएको स्वास्थ्योपचार कार्यक्रम, यसले समेट्ने क्षेत्र र शाखा कार्यालयको सेवा प्रवाह बिषयमा सहायक प्रबन्धक गौरी शंकर मल्लिकले सहजीकरण गर्नु भएको थियो ।

## ■ तालिम कार्यक्रम सञ्चालन

शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले २०७७ असार ५ र ६ गते शाखा कार्यालयवाट सम्पादन गरिने कारोवार र लेखांकन सम्बन्धि दुई दिने तालिम कार्यक्रम सम्पन्न भएको छ ।

सामाजिक दूरी कायम गरी सञ्चालन भएको तालिम कार्यक्रममा फाँटवारी संकलन तथा लेखांकन, शाखाको कारोबारहरूको लेखांकन र सन्तुलन परीक्षण लगायत ४ वटा सत्रमा सञ्चालन भएको थियो ।

दुई दिन सञ्चालन भएको तालिम कार्यक्रममा विषयवस्तुको प्रस्तुति ध्रुव प्रसाद पन्त र बिमल कुमार खतिबडाले गर्नु भएको थियो ।

## ■ Onsite सेवा प्रवाह

शाखाको कार्यक्षेत्र अन्तर्गत पर्ने विभिन्न सञ्चयकर्ताको सम्बन्धित कार्यालयहरूमै गएर KYC र परिचय पत्र समर्थनको काम सम्पन्न भएको छ । नेपाली सेना, सशस्त्र प्रहरी वल र नेपाल प्रहरीको सम्बन्धित कार्यालयमा नै फागुन र चैत्रमा २१०० बढि KYC र करिब २५०० परिचय पत्र समर्थन भएको छ ।

२ नं. प्रदेश प्रहरी तालिम केन्द्र सप्तरी, सशस्त्र प्रहरी वल नेपाल दन्तकाली बिशेष कार्य तालिम शिक्षालय सप्तरी, मध्यपूर्वी पृतना, धारापानी, प्रदेश नं.३ प्रदेश प्रहरी तालिम केन्द्र दुधौलि र मध्यपूर्वी पृतना, बर्दिवासमा गएरै KYC अद्यावधिक र परिचय पत्र समर्थन भएको छ ।

शाखा कार्यालय कोहलपुर

# केवाईसी अद्यावधिक र सेवासुविधाबारे जानकारी प्रदान

शाखा कार्यालय कोहलपुरले शिव दल गण व्यारेक वर्दिया र भैरवप्रसाद गण राँझा बाँकेमा केवाईसी अपडेट कार्य सम्पन्न गरेको छ । सो क्रममा शिव दल गणमा १८० र भैरवप्रसाद गणमा १०३ जना गरी कुल २८३ जना सञ्चयकर्ताको केवाईसी विवरण अद्यावधिक गरिएको थियो । साथै सो अवसरमा कोषले प्रदान गरिरहेका सेवा सुविधाका बारेमा जानकारी प्रदान गरिएको थियो ।



## ■ DTA बारे जानकारी प्रदान

शाखा कार्यालय जनकपुरले DTA सम्बन्धमा विभिन्न कार्यालयहरूलाई जानकारी प्रदान गरेको छ । रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा सप्तरी, सिन्धुली, उदयपुर र ओखलढुङ्गाका जिल्ला प्रशासन कार्यालय मार्फत जिल्लास्थित सबै कार्यालयहरूलाई कोषबाट हुने कारोवारलाई थप प्रभावकारी बनाउन २०७६ फाल्गुण १२ गते देखि कोषबाट प्राप्त हुने रकम सञ्चयकर्ताको बैंक खातामा सोझै रकमान्तर हुने DTA प्रणाली लागू गरिएको जानकारी गराईयो । यसको लागि सञ्चयकर्ताले KYC अद्यावधिक गर्नुपर्ने भएकोले सबै कार्यालय अन्तर्गतका कर्मचारीहरूलाई KYC अद्यावधिक गर्न अनुरोध गरिएको थियो । प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयहरु मार्फत Office KYC गर्न अनुरोध गरिएको थियो ।

कोषबाट २०७७ जेष्ठ १३ गते देखि सञ्चयकर्ताहरूले बिशेष सापटी रकम लिन Online बाटै प्राप्त गर्न सकिने ब्यवस्था रहेको जानकारी गराउँदै Office login गर्न Office KYC अनिवार्य भएको हुँदा यस अन्तर्गतका प्रादेशिक कार्यालयहरु र जिल्ला अन्तर्गतका कार्यालयहरूलाई यथाशीघ्र Office KYC अद्यावधिक गर्न लगाइदिने व्यवस्थाका लागि अनुरोध सहित मिति २०७७ असार २ गते पत्राचार गरिएको थियो । सो अनुरूप प्रदेश नं. २ अन्तर्गतका कार्यालयहरूको Office KYC गर्ने संख्यामा समेत बृद्धि भएको छ ।

शाखा कार्यालय विराटनगर



धनकुटा सेवाकेन्द्र

## सञ्चयकर्तासँग अन्तरक्रिया

धनकुटा सेवा केन्द्रले २०७६ फागुन २४ मा श्री नं. २ बाहिनी अड्डा, हिले ब्यारेक, धनकुटामा सञ्चयकर्ता अन्तरक्रिया कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रमहरूमा कोषले प्रदान गर्ने विभिन्न कर्जाहरु, सामाजिक सुरक्षा सुविधाहरु एवं योगदानमूलक निवृत्तभरण योजनाको बारेमा जानकारीमूलक अन्तरक्रिया सम्पन्न भयो ।

त्यसैगरी मिति २०७७ असार २० गते कोषको कार्यालयमा श्री बरख गण, सल्लेरी ब्यारेक, धनकुटाका नयाँ भर्ना भएका सैन्यहरूसँग कोषबाट प्रदान गरिने सेवासुविधाहरूका बारेमा जानकारीमूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । विभिन्न जिल्लास्थित लेखासम्बन्धी कर्मचारीहरूसँग सम्पर्क गरी फाँटवारी अपलोड, योगदानमूलक निवृत्तभरण कोषकट्टि ईन्ट्री एवम् व्यक्तिगत तथा कार्यालयको KYC अपडेट सम्बन्धमा जानकारी प्रदान गर्ने गरिएको थियो ।

## केवाइसी अपडेट

मिति २०७६ फागुन २३ देखि २५ सम्म श्री नं. २ बाहिनी अड्डा, हिले ब्यारेकमा कार्यरत सैनिकहरूको Onsite KYC अपडेट कार्य सम्पन्न गऱ्यो । त्यस्तै, मिति २०७७ असार २० गते शनिबार श्री बरख गण, सल्लेरी ब्यारेक, धनकुटाका सैन्य जवानहरूलाई कोषको कार्यालयमा बोलाई सामाजिक दुरी कायम गर्दै एकमुष्ट KYC अपडेट कार्यक्रम गरिएको छ ।

## डिजिटल फाँटवारी अपलोडमा वृद्धि

यस क्षेत्रका सञ्चयकर्ता कार्यालयहरूसँगको नियमित सम्पर्क र समन्वयमार्फत सेवा केन्द्र, धनकुटामा प्राप्त हुने डिजिटल (वेव अपलोड) फाँटवारीको अनुपातमा उल्लेखनीय रूपमा वृद्धि भई ७७.९% पुगेको छ । भौगोलिक रूपमा टाढा रहेका कार्यालयहरूलाई समेत टेलिफोन र ई-मेल मार्फत् फाटवारी तथा Contributory Pension Entry Manual पठाई जानकारी दिने गरिएकोले डिजिटल फाँटवारीको अनुपातमा उल्लेख्य वृद्धि गर्न सकिएको हो ।

# विविध कार्यक्रमहरू सम्पन्न

आर्थिक वर्ष २०७६/७७ को अवधिमा कोषको शाखा कार्यालय विराटनगरले कोषको सेवा सुविधाहरूलाई सहज र व्यवस्थित बनाउँदै प्रभावकारी सेवा प्रवाहका लागि बिभिन्न कार्यहरु सम्पादन गरेको छ ।

- सञ्चयकर्ताहरूलाई प्रदान गरिने घर सापटी को दायरा विस्तारका लागि सप्तरी र उदयपुर जिल्लाको सम्भावित नगर तथा गाउँपालिका क्षेत्रहरूको अध्ययन सम्पन्न गरी प्रतिवेदन समेत पेश गरिएको छ ।
- एक सञ्चयकर्ता एक परिचयपत्र नम्बरको अवधारणालाई प्रभावकारी बनाउन परिचयपत्र नं. को महत्व, Digital फाँटवारी तथा Web Posting, KYC Update को औचित्य, NCHL को माध्यमबाट गरिने DTA को प्रक्रिया, विभिन्न सापटी सुविधा लिनका लागि अवलम्बन गर्नुपर्ने प्रक्रिया, सामाजिक सुरक्षा अन्तर्गतको सुत्केरी तथा शिशु स्याहार योजनाबाट लाभान्वित हुन अवलम्बन गर्नुपर्ने प्रक्रिया, दुर्घटना क्षतिपूर्ति, औषधोपचार सुविधा, योगदानमा आधारित पेन्सनको व्यवस्थापनका लागि अवलम्बन गर्नुपर्ने तरिका आदिका बिषयबारे जानकारी प्रदान गर्न विभिन्न क्षेत्रहरूमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- सप्तरी जिल्लाको राजविराज, उदयपुरको गाईघाट, मोरङको लेटाङ्, याङ्शीला, मोरङ जिल्लाको संघ, प्रदेश एवम् स्थानीय निकाय स्तरमा रहेका कार्यालयको प्रतिनिधित्व रहने गरी अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।
- विश्वभर फैलिएको कोरोना (covid 19) को बढ्दो प्रकोपका कारण भएको देशव्यापी लकडाउन पश्चात सञ्चयकर्ताको हितलाई मध्य नजर गर्दै स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन सहित सबै प्रकारका सेवा सुचारू गरिएको छ ।
- शाखामा कार्यरत विभिन्न जिम्मेवारी वहन गरिरहेका कर्मचारीहरूको कर्मचारी सन्तुष्टी सर्वेक्षण र शाखा कार्यालयमा सेवा लिन आएका सञ्चयकर्ताहरूको सन्तुष्टी सर्वेक्षण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- कोषको नव निर्मित आवास भवन निर्माणको कार्य लकडाउनको प्रभावले लामो समय स्थगन भई हाल बाँकी रहेको कार्य सुचारू भइरहेको छ ।

# छलफल तथा अन्तरक्रिया सम्पन्न



मिति २०७६ माघ २ गते शाखा कार्यालय हेटौडाको आयोजनामा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो अवसरमा सञ्चयकर्ता सेवा विभाग, कोष ब्यवस्थापन विभाग र निवृत्तभरण ब्यवस्थापन तथा समाजिक सुरक्षा विभागका प्रतिनिधिहरूको उपस्थिति थियो । चितवन जिल्लास्थित सम्पुर्ण सरकारी कार्यालयका कार्यालय प्रमुखहरु र लेखा प्रमुखहरूलाई आमन्त्रण गरिएको उक्त कार्यक्रममा प्रमुख अतिथि प्र.जि.अ. नारायण प्रसाद भट्टराई, बिशेष अतिथि प्रमुख कोष नियन्त्रक महेन्द्र प्रसाद पाण्डे र सभापतित्व कोषको हेटौडा शाखा कार्यालय प्रमुख सागरकुमार सिंहबाट भएको थियो । उक्त कार्यक्रममा वरिष्ठ प्रबन्धक दर्शन भट्टराईद्वारा कोषमा २०७६ साउन १ बाट नेपाल सरकारका कर्मचारीको लागि लागु भएको योगदानमा आधारित निवृत्तभरण योजना र योगदान कट्टी विवरण पठाउने तरिका बारे कार्यपत्र प्रस्तुति गर्नुभएको थियो भने वरिष्ठ प्रबन्धक वीरेन्द्र पौडेलबाट कोषको हालको सेवा प्रवाह सम्बन्धी कार्यपत्र प्रस्तुत गरिएको थियो । हेटौडा शाखाका कार्यालय प्रमुख सिंहबाट कार्यक्रममा विभिन्न सहभागीहरूको प्रश्नको समाधान गर्दै कार्यक्रममा आफ्नो शाखाको गतिविधि र सेवा सुविधाको बारेमा जानकारी प्रदान गर्नुभएको थियो ।

## ■ KYC अद्यावधिक




मिति २०७६ फागुन १३ गते मध्य पृतना हेडक्वाटर सुपारेटार हेटौडामा कोषबाट कार्यक्रम प्रस्तुति तथा प्रशिक्षण कार्य आयोजना गरिएको छ । उक्त कार्यक्रममा KYC अनिवार्य गर्ने कोषको नीति अनुरूप नै त्यहाँ कार्यरत र तालिमरत सबै कर्मचारीहरूको KYC अद्यावधिक गरिएको थियो । त्यस्तै २०७६ फाल्गुन २८ र २९ गते ७ नं वाहिनि अड्डा बज्रबाराही, मकवानपुरमा प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरियो । उक्त कार्यक्रममा शाखा कार्यालय हेटौडाका कार्यालय प्रमुख सागर कुमार सिंहबाट कार्यक्रम प्रस्तुति तथा प्रशिक्षण कार्य भएको थियो करिब २०० जना सञ्चयकर्ताहरु सहभागी रहेको उक्त कार्यक्रममा बाहिनीपति प्रमुख सेनानी लिला वहादुर खनाल क्षेत्रीले कोषबाट सञ्चयकर्ताहरूको हितमा भएका सापटी सुविधा, सामाजिक सुरक्षण सुविधा लगायतका कार्यक्रमहरूले सेवाकालीन आवश्यकता परिपूर्तिमा ठुलो सहयोग पुगेको बताउनु भयो । उहाँले भन्नुभयो, "कोषले लागु गरेको सूचना प्रविधिले गर्दा फाँटवारी पठाउने कार्य समेत सहज भएको छ ।"

त्यसैगरी २०७७ आषाढ ५ गते को.ले.नि.का मकवानपुरमा कोषले लागु गरेको Online सापटी सम्बन्धी जानकारी प्रदान गरिएको र यस सेवालाई प्रभावकारी बनाउन सबैलाई अफिस KYC र ब्यक्तिगत KYC गर्न र गराउन आग्रह समेत गरिएको थियो ।



## वरिष्ठ कार्यकारी मञ्चको बैठकका क्रममा आ-आफ्नो धारणा राख्दै वक्ताहरु









- स्थानः धुलिखेल, काभ्रे
- मितिः २०७६ फागुन २-३







- अर्ध-वार्षिक कार्यप्रगति समीक्षा कार्यक्रम
- कोषका ११ वटा विभाग, ८ वटा शाखा कार्यालय र १ सेवाकेन्द्र सहभागी
- ५ समूहका कार्यपत्र प्रस्तुत



सम्पादन तथा प्रकाशन :

**योजना, अनुगमन तथा जोखिम व्यवस्थापन विभाग, कर्मचारी सञ्चय कोष, पुल्चोक, ललितपुर ।**

website : www.epfnepal.com.np, email: enewsletter@epfnepal.com.np

विशेष सहयोगः **राजेन्द्र विक्रम के सी**